नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
थापाथली, काठमाडौं
फोन नं. ०१-५३१३०६६, ०१-५३५६१४४

## इन्टर्न आवश्यकता सम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।१०।११)

सामाजिक सुरक्षा कोषको केन्द्रिय कार्यालय थापाथली, काठमाडौं र शाखा तथा सम्पर्क कार्यालयहरुका लागि इन्टर्न आवश्यक भएकोले यो सूचना प्रकाशन गरिएको छ। योग्य र इच्छुक विद्यार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले बढीमा ७ दिनभित्र रितपूर्वक दरखास्त दिनुहुन अनुरोध छ।

विवरणहरु

क) **इन्टर्न परिचालन हुने क्षेत्र:** सामाजिक सुरक्षा कोषको केन्द्रिय कार्यालय थापाथली, काठमाडौं र शाखा तथा सम्पर्क कार्यालयका लागि।

| कार्यालय | केन्द्रिय कार्यालय | विराटनगर शाखा कार्यालय | सिमरा शाखा कार्यालय | पोखरा सम्पर्क कार्यालय | नेपालगञ्ज सम्पर्क कार्यालय | जनकपुर सम्पर्क कार्यालय | बुटवल सम्पर्क कार्यालय |
|---|---|---|---|---|---|---|---|
| इन्टर्नको संख्या | ७ | ३ | ३ | २ | २ | २ | २ |

ख) **इन्टर्नसीपको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता:**
व्यवस्थापन, अर्थशास्त्र, बिमाङ्कीय अध्ययन, श्रम अध्ययन, सामान्य चिकित्सा वा नर्सिङ्ग वा ल्याब टेक्निसियन वा फार्मेसी, कम्प्युटर इञ्जिनियरिङ्ग वा कम्प्युटर विज्ञान वा सूचना प्रविधि, कानुन विषयमा स्नातक वा स्नातकोत्तर तह अध्यापन गराउने नेपाली विश्व विद्यालयहरुका आङ्गिक क्याम्पस वा कोषमा सूचीकृत भई योगदान गरिरहेका विभिन्न विश्वविद्यालयहरुबाट सम्बन्धन प्राप्त क्याम्पसमा स्नातक वा स्नातकोत्तर तहमा अध्यनरत वा उत्तिर्ण गरेका विद्यार्थीहरु।

ग) **इन्टर्न छनौट विधि:** दरखास्त फारम भरेका विद्यार्थीहरुमध्ये सामाजिक सुरक्षा कोषको इन्टर्न परिचालन कार्यविधि, २०८० को पहिलो संशोधन सहितको दफा ६ बमोजिम विषयवस्तुको ज्ञान, मनोविज्ञान, प्रस्तुतिकरण जस्ता विषयहरुलाई आधार मानी समितिका प्रत्येक सदस्यहरुले छुट्टाछुट्टै प्रदान गरेको अंकको औषत अंकको आधारमा बढीमा दश अङ्क कायम हुने गरी अन्तर्वार्ता मार्फत् एकमुष्ट योग्यताक्रम निर्धारण मार्फत् कोषको आवश्यकताअनुसार इन्टर्न छनौट गरिनेछ।

घ) **इन्टर्नको अवधि:** बढीमा ५ महिना।

ङ) **दरखास्त पेस गर्ने माध्यम:** कोषको इमेल आइडी adm@ssf.gov.np वा भौतिक रुपमा कोषको शाखा तथा सम्पर्क कार्यालयमा उपस्थित भएर

च) **सम्पर्क नं.** ०१-५३५६१४४

छ) **फारम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- अध्ययनरत कलेजको सिफारिसपत्र (अध्ययन समाप्त भएकोमा आवश्यक नपर्ने),
- अध्ययनरत कलेजबाट जारी परिचयपत्र अध्ययन समाप्त भएकोमा आवश्यक नपर्ने),
- पछिल्लो शैक्षिक योग्यताको लब्धाङ्क पत्र।

ज) **अन्तर्वार्ता मिति:** दरखास्त दिने अन्तिम समयावधि समाप्त भएको मितिले ३(तीन) दिनभित्र कोषको website मार्फत् जानकारी गराइनेछ।

झ) **छनौट भएका इन्टर्न कार्यालयमा हाजिर हुने मिति:** छनौट पश्चात् कोषको website मार्फत् सूचना प्रकाशित गरिनेछ।

ञ) **सुविधा:** कोषको नियमानुसार।